नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं. २१ गण हे.क्वा. दक्षिणकाली, ललितपुर

## जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०५/२६ गते )

सशस्त्र प्रहरी बल, नेपाल नं. २१ गण हे.क्वा. दक्षिणकाली, ललितपुरमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ईलेक्ट्रोनिक सामानहरु, फर्निचरका सामानहरु, कम्प्युटर लगायत सो सम्बन्धी सामानहरु, ब्याट्रीहरु र अन्य जिन्सी सामानहरु | ४६३०५.१७/- (अक्षरुपी छयालीस हजार तीन सय पाँच रुयैया सत्र पैसा मात्र) | रु. १००० | |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं. २१ गण हे.क्वा. दक्षिणकाली, ललितपुरमा सूचना प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ ।बोलपत्र फाराम सुचना प्रकाशन भएको ८ औ दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ र रितपुर्बक दर्ता भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे खोलिनेछ ।बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २१ गण हे.क्वा. दक्षिणकाली, ललितपुरको कार्यालय कोड नं. ३१४०५३४०३ को कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैंक लिमिटेड शाखा कार्यालय गाहाबहाल, ललितपुर धरौटी खाता नं. ०१८०१०००००२००३००००१ KA-2.3 मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (विड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ ।बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ ।उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-५५२४४५ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ ।यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।